# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ...............
च.नं. : ...............

फोन नं. ०१-४३१५७६६
मिति 2080/03/25


## सूचना

### घर नक्सा पास गर्ने डिजाइनर / इन्जिनियर सूचिकृत सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस नगरपालिकामा EBPS माध्यमबाट घर नक्सा पास हुने भएकोले घर नक्सा पास सम्बन्धी काम गर्ने सम्पूर्ण फर्म तथा व्यक्तिगत रुपमा कार्य गर्ने डिजाइनरहरु घर नक्सा डिजाइनका लागि आवश्यक कागजात सहित यस कार्यालयमा सूचिकृत हुन जानकारी गरिन्छ । साथै बिभिन्न डिजाइन वर्गका लागि आवश्यक योग्यता निम्नानुसार रहेको छ ।

**(१) “क” वर्ग का भवन**

स्ट्रक्चरल वा भूकम्प इञ्जिनियर (Structural/Earthquake Engineer): मान्यता प्राप्त शैक्षिक संस्था वा विश्व विद्यालयबाट स्ट्रक्चरल वा भूकम्प इञ्जिनियरिङ्गमा स्नातकोत्तर तह पूरा गरेका, वा

मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इञ्जिनियरिङ्गमा स्नातक पूरा गरी कम्तीमा १५ वर्षको भवनहरुको स्ट्रक्चरल डिजाइन सम्बन्धी अनुभव भएको ।

**२) “ख” वर्गका भवन**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इञ्जिनियरिङ्गमा स्नातक पूरा गरी कम्तीमा २ वर्षको भवनहरुको स्ट्रक्चरल डिजाइन सम्बन्धी अनुभव भएको ।

**३) “ग” वर्गका भवन**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल वा आर्किटेक्चरल इञ्जिनियरिङ्गमा स्नातक तह पूरा गरी कम्तीमा १ वर्षको भवनहरुको स्ट्रक्चरल डिजाइन सम्बन्धी अनुभव भएको ।

**४) “घ” वर्गको भवनहरु**

मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल वा आर्किटेक्चरल इञ्जिनियरिङ्गमा स्नातक तह पूरा गरेको ।

(२) “क” वर्गका भवनका डिजाइन गर्न योग्यता पुगेको डिजाइनरले “ख”, “ग” र “घ” वर्गका भवनको डिजाइन, “ख” वर्गको भवनको डिजाइन गर्न योग्यता पुगेको डिजाइनरले “ग” र “घ” वर्गका भवन डिजाइन तथा “ग” का लागि योग्यता पुगेको डिजाइनरले “घ” वर्गको भवनको डिजाइन गर्न सक्नेछ।

(३) स्वीकृतिका लागि पेश गरिने दरखास्त, नक्सा र डिजाइन कागजातका साथमा नेपाल इञ्जिनियरिङ्गमा काउन्सिलको प्रमाण पत्र को प्रतिलिपि र नागरिक्ताको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

(४) परामर्शदाता कम्पनीको हकमा कम्पनी दर्ताको प्रमाण पत्र समेत संलग्न गर्नु पर्नेछ ।

2080/3/25
-------------

**रबिन्द्र रिजाल**
**पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा**